प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०४/१२

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३, ललितपुरमा ३ र काभ्रेमा १ गरी जम्मा ७ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- रसुवा जिल्लामा संक्रमितहरु मध्ये सबै निको भएका र आज थप कुनै पनि संक्रमण फेला परेको छैन (स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय); त्यस्तै सिन्धुपाल्चोक जिल्लामा पनि हाल सक्रिय संक्रमित नभएको अवस्था छ (स्रोतः स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक)।यसलाई आधार मान्दा आजको मितिमा रसुवा र सिन्धुपाल्चोक जिल्ला संक्रमण मुक्त रहेको छ तर जोखिमलाई नकार्न भने सकिने अवस्था रहेको देखिदैन।
- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ५ प्रतिशत (४.९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १८७५२ (१००%) | ९३० (१००%) |
| निको भएको | १३७५४ (७३.३%) | ५१७ (५५.६%)* |
| उपचाररत | ४९५० (२६.४%) | ४०३ (४३.३%)* |
| मृत्यु भएको | ४८ (०.३%) | १० (१.१%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०४/१२

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ११३५२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले १२७८ जना बस्दै आउनुभएको र १५७३ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १३२४ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २९६ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३६६१० जनाको आर डी टी परिक्षण गरिएकोमा ८८९ जनाको पोजिटिभ आएको छ र २७५२७ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १४०५ | २६० | ८८ | २७० | ७२ | १०५९१ | १०२७२ | ३१९ | ७५१२ | ३ | २८९ |
| ललितपुर | ३४५ | ३१ | ८० | २२१ | १७४ | ४६३० | ४५७५ | ५५ | २५३८ | ३ | ८५ |
| भक्तपुर | ३१३ | ५२ | १२ | ४२ | २ | २३४० | २३२० | २० | २४८७ | | ५१ |
| रसुवा | २८७ | २४ | ० | ३५ | ० | ६५५ | ६४३ | १२ | १६९ | | ११ |
| नुवाकोट | १११३ | ८२ | २७५ | ३८ | ५ | ३२८८ | ३१०० | १८८ | ७७० | | ३७ |
| धादिङ | ११३४ | ५३ | ३८ | १४४ | ० | ३०८३ | २९३९ | १४४ | १३७३ | | १३० |
| चितवन | २४६५ | ३९० | २१० | ३०२ | २९ | १८३८ | १८२३ | १५ | ६७३७ | | १२२ |
| सिन्धुली | ४३० | १२६ | ० | २४ | ४ | १२२० | ११८६ | ३४ | १०९३ | | २४ |
| मकवानपुर | ४०७ | ३१ | ६७६ | ३५ | ५ | १९२४ | १९०४ | २० | १७८८ | | ४५ |
| रामेछाप | ५०९ | ५७ | ० | ७५ | २ | ८९२ | ८८४ | ८ | ४९९ | | ३५ |
| दोलखा | ११८५ | ३६ | ३ | ४१ | ० | १७३१ | १७१९ | १२ | ३३७ | | १० |
| काभ्रे | ८५१ | ८९ | १०८ | २७ | ३ | २९७४ | २९२५ | ४९ | ७२० | १ | २२ |
| सिन्धुपाल्चोक | ९०८ | ४७ | ८३ | ७० | ० | १४४४ | १४३१ | १३ | १५०४ | | ६९ |
| जम्मा | ११३५२ | १२७८ | १५७३ | १३२४ | २९६ | ३६६१० | ३५७२१ | ८८९ | २७५२७ | ७ | ९३० |

श्रोत; पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या |
|---|---|---|---|---|---|
| | | | पोजिटिभ | नेगेटिभ | |
| १२९८९ | २७४ | १२१ | ५ | ११६ | २०९ |

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भइसकेको स्वाब (नमुना) मध्ये बाराको ४ र रौतहटको १ गरी जम्मा ५ वटा नमुनाको नतिजा पोजिटिभ आएको छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/११

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/११

- कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय : http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई